# अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

रामशाहपथ, काठमाडौं

# अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२

**प्रस्तावना:**

स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुँच सुनिश्चित गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्तिमार्फत् अस्पतालहरुबाट आफ्नै फार्मेसी सेवा सञ्चालन गरी विरामी एवं सेवाग्राहीहरुलाई सुलभ एवं गुणस्तरीय सेवा पुऱ्याउन (सुशासन व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२" रहने छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(१) **"मन्त्रालय"** भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ ।

(२) **"अस्पताल"** भन्नाले नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा विकास समिति ऐन, २०१३ अनुसार सञ्चालनमा रहेको सरकारी अस्पताल एवं स्वास्थ्य संस्थाहरु सम्झनु पर्दछ ।

(३) **"फार्मेसी सेवा"** भन्नाले अस्पतालहरुमा सञ्चालनमा रहेका र सञ्चालन गरिने औषधि तथा औषधिजन्य पदार्थ वा सामग्रीबाट दिइने सेवा सम्झनु पर्दछ ।

(४) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठित अस्पताल फार्मेसी तथा थेराप्युटिक समिति सम्झनु पर्दछ ।

(५) **"अस्पताल फर्मुलरी"** भन्नाले अस्पतालमा प्रयोग हुने औषधि तथा औषधिजन्य पदार्थ वा सामग्रीहरुको विवरण पुस्तिका सम्झनु पर्दछ ।

३. **अस्पताल फार्मेसी तथा थेराप्युटिक समिति:** अस्पतालमा औषधी तथा औषधीजन्य पदार्थ वा सामग्रीहरुबाट दिइने सेवा व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न गराउन देहाय बमोजिमको अस्पताल फार्मेसी तथा थेराप्युटिक समिति गठन हुनेछ ।

(क) अस्पताल प्रमुख वा निजले तोकेको वरिष्ठ चिकित्सक - अध्यक्ष

(ख) चिकित्सकीय विभाग वा इकाईका प्रमुखहरु - सदस्य

(ग) नर्सिङ विषय हेर्ने प्रमुख - सदस्य

(घ) प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(च) अस्पताल फार्मेसी प्रमुख - सदस्य-सचिव

४. समितिको काम, कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अस्पताल फार्मेसीमा राखिने औषधी र औषधीजन्य पदार्थ वा सामग्रीको सूची निर्धारण गर्ने ।

(ख) आवश्यकता अनुसार औषधी वा औषधीजन्य पदार्थ वा सामग्रीका उत्पादक एवं आपुर्तिकर्ताहरुको पुर्वयोग्यता निर्धारण गर्ने ।

(ग) गुणस्तरको विश्वसनियताको आधारमा कुनै खास ब्राण्ड स्वीकृत वा अस्वीकृत गर्ने ।

(घ) अस्पताल फर्मुलरीको स्वीकृति दिने वा थपघट गर्ने ।

(ङ) औषधीको प्रतिकुल प्रभाव (Adverse Drug Reaction) को अनुगमन गर्ने ।

(च) अस्पतालबाट प्रदान गरिने उपचार सेवा सम्बन्धी निर्देशिका बनाउने ।

(छ) अस्पताल फर्मुलरीमा आधारित औषधीको सूची सहितको प्रेस्क्रिप्सनको ढाँचा तयार गर्ने ।

(ज) अस्पताल फार्मेसीको समय समयमा निरीक्षण, अनुगमन गर्ने ।

(झ) अस्पताल फार्मेसी सेवा सञ्चालन सम्बन्धी विषयमा मन्त्रालयको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

५. समितिको बैठक सम्बन्धी व्यवस्था: (१) समितिको बैठक कम्तीमा प्रत्येक दुई महिनामा बस्नेछ ।

(२) समितिको बैठक बस्नुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै सदस्य सचिवले सबै सदस्यहरुलाई बैठकको कार्यसुची उपलब्ध गराउनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(५) समितिको बैठकको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णयक मत दिनेछ ।

(६) समितिको बैठकको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. अस्पताल फार्मेसी सञ्चालन समिति: (१) अस्पताल फार्मेसी व्यवस्थित रुपमा सञ्चालन गर्न गराउन देहाय बमोजिमको फार्मेसी सञ्चालन समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) अस्पताल फार्मेसी प्रमुख | - संयोजक |
| (ख) आर्थिक प्रशासन प्रमुख वा निजको प्रतिनिधि | - सदस्य |
| (ग) खरिद शाखाका प्रमुख वा निजको प्रतिनिधि | - सदस्य |
| (घ) अस्पताल फार्मेसी प्रमुखले तोकेको कर्मचारी | - सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिका अन्य काम, कर्तव्य र अधिकार अस्पताल फार्मेसी तथा थेराप्युटिक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि अस्पताल फार्मेसी सञ्चालक समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

७. फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार: फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) समितिका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(ख) समितिको बैठकका लागि प्रस्ताव तयार गरी पेश गर्ने ।

(ग) अस्पतालमा प्रयोग गर्ने औषधीको सूची तयार गर्ने गराउने ।

(घ) क्लिनिकल फार्मेसी सेवा प्रदान गर्न आवश्यक मिलाउने ।

(ङ) मातहतका कर्मचारीको सुपेरिवेक्षण गर्ने ।

(च) नियमित मौज्दात तथा म्याद गुज्रने मिति नजिक भएका औषधीहरुको रुजु गरी विक्रि व्यवस्थापन गर्ने गराउने ।

(छ) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

८. औषधी तथा औषधीजन्य सामग्री र पदार्थको खरिद प्रक्रिया: औषधी तथा औषधीजन्य सामग्री र पदार्थ खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रकृया अवलम्बन गरी गर्नु पर्नेछ ।

९. औषधी र औषधीजन्य पदार्थको विक्री मुल्य: औषधी र औषधीजन्य पदार्थको विक्री मुल्य निर्धारण गर्दा यसको खरिद मुल्यमा बीस प्रतिशतमा नबढाई निर्धारण गरिनेछ ।

तर, यसरी बिक्री मुल्य निर्धारण गर्दा अधिकतम खुद्रा मुल्य (Maximum Retail Price, MRP) भन्दा बढी हुनुहुँदैन ।

१०. अस्पताल फार्मेसीको लागि जनशक्ति: (१) अस्पतालले फार्मेसी सञ्चालनका लागि स्थायी जनशक्तिको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थायी जनशक्ति उपलब्ध नहुञ्जेल सम्मका लागि वैकल्पिक व्यवस्थाबाट फार्मेसी सेवा सञ्चालन गर्न बाधा पर्ने छैन् ।

(३) स्थायी जनशक्ति नेपाल स्वास्थ्य सेवाबाट र अन्य आवश्यक जनशक्ति अस्पतालले प्रचलित नियमानुसार पूर्ति गर्न सकिनेछ ।

(४) फार्मेसी सञ्चालनका लागि कम्तीमा देहाय बमोजिमको जनशक्ति रहनेछ:

| क्र. | अस्पताल/स्वास्थ्य संस्था | क्लिनिकल* फर्मासिष्ट | फर्मासिष्ट | फार्मेसी सहायक | सहयोगी |
|---|---|---|---|---|---|
| १. | १०० शैया भन्दा माथिका अस्पताल | १ | ३ | ६ | २ |
| २. | ५१ देखि १०० शैया सम्मका अस्पताल | १ | २ | ४ | २ |
| ३. | २६ देखि ५० शैया सम्मका अस्पताल | – | १ | २ | १ |
| ४. | १५ देखि २५ शैया सम्मका अस्पताल | – | – | २ | १ |

स्पष्टिकरण: यस दफाको प्रयोजनको लागि क्लिनिकल फर्मासिष्ट भन्नाले क्लिनिकल फार्मेसी वा फर्मासिउटिकल केयरमा स्नातकोत्तर वा वि.फार्मेसीपछीको फार्म डी गरेकालाई सम्झनुपर्दछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि अस्पताल फार्मेसीले अस्पतालको शैया, कार्यबोझ र दैनिक कारोबारका आधारमा जनशक्तिमा थपघट गर्न सक्नेछ ।

तर, यसरी दरबन्दी थप गर्दा प्रति दश हजार रुपैंया प्रतिदिनको कारोबारमा एकजनाभन्दा बढी थप गर्न सकिने छैन् । मासिक कारोबार घटेको अवस्थामा थप दरबन्दी स्वत: खारेज हुनेछ ।

११. अस्पताल फार्मेसीको भौतिक पूर्वाधार: (१) अस्पतालले फार्मेसी सञ्चालनका लागि औषधी विक्रि वितरण संहिता, २०७१ पालना हुने गरी आवश्यक औषधी वितरण कक्ष र भण्डारणको लागि पर्याप्त ठाउँको व्यवस्था गर्नुपर्नेछ ।

(२) औषधी वितरण कक्ष ओस नलाग्ने, सूर्यको प्रत्यक्ष प्रकाश नपर्ने र पर्याप्त भेण्टिलेसन भएको हुनुपर्नेछ । औषधी/औषधीजन्य पदार्थको लेवलमा तोकिएको सञ्चय तापक्रम अनुकूल भण्डारण गर्नुपर्नेछ ।

(३) फार्मेसी संचालन गर्ने ठाउँ सर्वसाधारणले सजिलै देख्ने हुनुपर्दछ र सम्भव

भएसम्म अस्पतालको अगाडिको भागमा हुनुपर्छ । आवश्यकता अनुसार अस्पतालमा एकभन्दा बढी फार्मेसी सञ्चालन गर्न सकिनेछ ।

(४) बिरामीलाई परामर्श दिने उपयुक्त व्यवस्था सहितको ठाउँ रहनुपर्नेछ ।

(५) बिक्री वितरणका लागि अनुपयुक्त वा फर्काउनु पर्ने वा म्याद गुज्रेका वा नष्ट गर्नुपर्ने औषधि तथा औषधिजन्य सामग्री, असम्बन्धित व्यक्तिको पहुँच नहुने गरी सुरक्षित राख्ने छुट्टै भण्डारणको व्यवस्था मिलाउनु पर्नेछ ।

(६) औषधि पूर्जा लिने, डिस्पेन्स गर्ने र भुक्तानी लिने व्यक्ति र ठाउँको उपयुक्त व्यवस्था हुनुपर्नेछ ।

(७) औषधि तथा औषधिजन्य सामग्रीको मौज्दात तथा खपत अभिलेख, विजकीकरण, औषधिको सूचना, लेवल औषधि सम्बन्धी समस्याहरुको जानकारी आदि संलग्न भएको उपयुक्त सफ्टवेयर सहितको कम्प्युटरको माध्यमबाट गर्नुपर्नेछ ।

(८) नेपाल सरकारबाट प्रदान गरिने निःशुल्क औषधीहरु र औषधीजन्य सामग्रीहरुको सूची सबैले देख्न सक्ने गरी राख्नु पर्नेछ ।

(९) अस्पताल फार्मेसी सञ्चालनका अन्य पक्ष औषधी विक्रि वितरण संहिता, २०७१ र स्वास्थ्य संस्था स्थापना, सञ्चालन र स्तरोन्नती सम्बन्धी मापदण्ड निर्देशिका, २०७० बमोजिम हुनेछ ।

(१०) अस्पतालहरुबाट निःशुल्क प्रदान गर्ने औषधीहरु र सो बाहेकका औषधीहरु स्पष्ट छुट्टिने गरी फार्मेसीमा राख्नुपर्नेछ ।

(११) अस्पताल परिसरमा औषधीको व्यापारिक प्रवर्द्धन सम्बन्धी कुनैपनि क्रियाकलाप गर्न पाइनेछैन् ।

तर, औषधीको वैज्ञानिक प्रस्तुति गर्नुपर्दा सामुहिक सहभागिता हुने गरी सभा सम्मेलनको रुपमा समितिको स्वीकृतिमा सञ्चालन गर्न बाधा पुग्ने छैन् ।

१२.विउ रकम (Seed Money) उपलब्ध गराउने: (१) मन्त्रालयले अस्पताल फार्मेसी सञ्चालनका लागि विउ रकम (Seed Money) उपलब्ध गराउन सक्नेछ ।

(२) मन्त्रालयले आवश्यक देखेमा उपदफा (१) बमोजिमको रकम अनुदानको रुपमा परिणत गर्न सक्नेछ ।

१३. निःशुल्क बितरण गरिने औषधी सम्वन्धमा: (१) नेपाल सरकारबाट निशुल्क बितरण गर्ने भनी तोकिएका औषधि अस्पताल फार्मेसीले निःशुल्क उपलब्ध गराउनुपर्नेछ ।

(२) निःशुल्क बितरणका लागि तोकिएका औषधी र औषधीजन्य सामग्री तथा

पदार्थको आवश्यकता अनुसार मन्त्रालयबाट प्रदान गर्ने अनुदान रकम वा औषधी खरिदका लागि प्राप्त रकमबाट खरिद गर्नुपर्नेछ । स्वास्थ्य सेवा विभाग मातहतका अन्य अस्पतालको हकमा विभाग, क्षेत्रीय स्वास्थ्य निर्देशनालय र जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरुबाट खरिद गरी उपलब्ध गराइनेछ ।

(३) कारणवश निःशुल्क वितरण गरिने औषधीको मौज्दात नभएको अवस्थामा त्यस्तो औषधी निःशुल्क उपलब्ध गराउन फार्मेसी बाध्य हुने छैन ।

तर, निशुल्क वितरण हुने औषधी र औषधीजन्य सामग्री मौज्दात नभएको जानकारी सम्बन्धीत विरामीको प्रेस्क्रिप्सनमा फार्मेसीले जनाइदिनु पर्नेछ ।

(४) सरकारी अस्पतालहरुले निःशुल्क औषधीहरु मौज्दातमा नभएमा पनि अतिगरिब र असहाय विरामीलाई औषधी निःशुल्क दिने व्यवस्था गर्नुपर्नेछ र यो सेवा प्राप्त गर्ने विरामीहरुको विस्तृत विवरण सहितको अभिलेख मासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

**१४. निःशुल्क प्राप्त औषधीको वितरण:** (१) सबै अस्पतालहरुले कुनैपनि श्रोतबाट निःशुल्क रुपमा प्राप्त भएका वा कुनै कम्पनीबाट बोनस स्वरुप प्राप्त भएका औषधी र औषधीजन्य सामग्रीहरु निःशुल्क रुपमा प्रदान गर्नुपर्नेछ ।

(२) औषधी तथा औषधीजन्य सामग्रीहरु निःशुल्क प्राप्त गर्दा अस्पताल फर्मुलरीमा सूचीकृत औषधीहरुमा आधारित भई औषधी दान वा उपहार प्राप्त गर्न सकिनेछ । यसका अतिरिक्त औषधी व्यवस्था विभागले तोकेकोवा विश्व स्वास्थ्य संगठनको औषधी दान वा उपहार प्राप्त गर्ने सम्बन्धी निर्धारित मापदण्ड अनुरुप गर्नुपर्नेछ ।

**१५. आर्थिक व्यवस्थापन:** (१) अस्पताल फार्मेसीको अलग्गै खाता हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन अस्पताल प्रमुख वा निजले तोकेको व्यक्ति र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ ।

(३) उपदफा (१) बमोजिमको खातामा देहायका रकम जम्मा हुनेछन्:

(क) मन्त्रालयबाट प्राप्त रकम,

(ख) दैनिक विक्रीबाट प्राप्त रकम,

(ग) स्थानीय निकायबाट प्राप्त रकम,

(४) फार्मेसी सञ्चालन समितिको सिफारिश र समितिको निर्णय विना उपदफा (१) बमोजिमको खातामा रहेको रकम अन्य प्रयोजनमा खर्च गरिनेछैन् ।

(५) प्रत्येक दिनको कारोबार रकम सोही दिन अथवा भोलीपल्टको मध्यान्ह सम्ममा बैंक दाखिला गरिसक्नुपर्नेछ ।

(६) फार्मेसीमा काम गर्ने करारका कर्मचारीको तलवभत्ता लगायतका खर्च उपदफा (१) बमोजिमको खाताबाट मात्र व्यहोरिनेछ ।

(७) औषधी बिक्रीको कूल रकमबाट मासिक रुपमा कम्तीमा दश प्रतिशत रकम अस्पतालको मूल खातामा जम्मा गर्नुपर्नेछ ।

<u>१६. आयव्ययको हिसाब:</u> (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र फार्मेसीको आयव्ययको हिसाब गरिनेछ ।

(२) आयव्ययको हिसाब राख्दा नाफा भएको रकममध्ये नब्बे प्रतिशत रकम अस्पतालको मुल खातामा जम्मा गर्नुपर्नेछ ।

(३) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आन्तरिक लेखा परीक्षण गराई सक्नुपर्नेछ ।

(४) अस्पताल फार्मेसीको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयवाट हुनेछ ।

(५) प्रत्येक आर्थिक वर्षको अन्तमा फार्मेसीमा खरिद भएको अद्यावधिक परीमाण, विक्री भएको परीमाण तथा वांकी परीमाणको सन्तुलन परीक्षण (Trial Balance) तयार गर्नु पर्ने छ ।

<u>१७. ब्राण्ड तोकी सिफारिश गर्न नहुर्ने:</u> विशेष औचित्य भएमा बाहेक विरामीलाई खास ब्राण्ड तोकी सिफारिश गर्न हुदैन ।

<u>१८. अनुगमन तथा मुल्यांकन गरी प्रतिवेदन पठाउनुपर्ने:</u> अस्पतालमा फार्मेसी सञ्चालनको अवस्था एवं उक्त सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्नकालागि मन्त्रालय, मन्त्रालय मातहतका विभाग, क्षेत्रीय स्वास्थ्य निर्देशनालय एवं जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरुले चौमासिक रुपमाअनुगमन तथा मुल्यांकन गरी सोको प्रतिवेदन मन्त्रालयको औषधी गुणस्तर निर्धारण शाखामा प्राप्त हुने गरी पठाउनु पर्नेछ ।

<u>१९. अस्पताल फर्मुलरी सम्बन्धी व्यवस्था:</u> अस्पतालले अस्पताल फर्मुलरीमा देहाय बमोजिमको व्यवस्था मिलाउनुपर्नेछ ।

(क) रोगीहरुको रोगको प्रकृति अनुसार अस्पतालका लागि आवश्यक पर्ने औषधि तथा औषधिजन्य सामग्री तथा पदार्थहरु र औषधिको डोसेज फर्मको सूची अस्पताल फर्मुलरी अद्यावधिक गरि राख्नु पर्ने ।

(ख) अस्पताल फर्मुलरीमा न्यूनतम जानकारीका रुपमा औषधिको सूची, औषधीको मात्रा, वनावट र क्षमता (Dosage Form and Strength) साथै सञ्चय सम्बन्धी निर्देशन हुनुपर्दछ । थप जानकारीका रुपमा औषधीको प्रयोग गर्न सकिने वा नसकिने अवस्था (Indication or Contraindications), औषधीको नकारात्मक प्रभाव, औषधी सेवन गर्दा अपनाउनुपर्ने सावधानी, औषधीको तुलनात्मक मुल्य

आदि विवरण समावेश गर्नुपर्ने ।

(ग) अस्पताल फर्मुलरी तयार नभएसम्म औषधि तथा औषधिजन्य सामग्री र पदार्थको सूची तयार गरी कार्य गर्नुपर्ने ।

(घ) अस्पताल फर्मुलरीमा अत्यावश्यक औषधिको राष्ट्रिय सूचीमा समावेश भएका औषधिहरुलाई प्राथमिकता दिनुपर्ने ।

<u>२०. निजी अस्पताल सम्बन्धी विशेष व्यवस्था:</u> (१) नेपाल सरकारको स्वीकृतिप्राप्त गरी सञ्चालनमा रहेका निजी, सहकारी, सामुदायिक, शिक्षण लगायतका गैरसरकारी क्षेत्रका अस्पतालहरुले पनि अनिवार्य रुपमा यस निर्देशिका बमोजिम आफ्नै फार्मेसी सेवा सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अस्पतालको हकमा विरामीहरुलाई प्रचलित मापदण्डका आधारमा अस्पतालमा आउने कुल विरामी संख्याको दश प्रतिशत अतिगरिब र असहाय विरामीलाई निःशुल्क औषधीसहितको उपचार उपलब्ध गराउनु पर्नेछ ।

<u>२१. फार्मेसी सञ्चालन सम्बन्धी सफ्टवेयर:</u> प्रत्येक अस्पताल फार्मेसीले मन्त्रालयले तोके बमोजिमको एकरुपता कायम हुने सफ्टवेयरको प्रयोग गर्नुपर्नेछ । यस्तो सफ्टवेयरमा एण्टीमाइक्रोवियल एवं लागु औषधीको विवेकपूर्ण प्रयोग र अभिलेखीकरण समेत सुनिश्चित गरिनेछ ।

<u>२२. निर्देशन दिन सक्ने:</u> यस निर्देशिकामा उल्लेख गरिएका बाहेक सबै अस्पतालहरुलाई मन्त्रालयले समयसापेक्ष फार्मेसी सञ्चालन सम्बन्धी विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशन पालन गर्नु सम्बन्धित अस्पतालको कर्तव्य हुनेछ ।

<u>२३. प्रचलित कानुन बमोजिम हुने:</u> यस निर्देशिकामा उल्लेख नभएका विषयमा प्रचलित कानुनमा लेखिए बमोजिम हुनेछ ।

<u>२४. खारेजी र बचाउ:</u> (१) अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७० खारेज गरिएको छ ।

(२) अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७० बमोजिम गरिएका कामकारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।